# गाउँ सभाध्यक्ष श्री सन्तमान तामाङज्यूबाट १३औं गाउँ सभामा प्रस्तुत आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम

## तादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खरानीटार, नुवाकोट

अध्यक्ष श्री सन्तमान तामाङबाट प्रस्तुत

आ.व २०८०/०८१ को

## नीति तथा कार्यक्रम

**मिति : २०८० असार १० गते**

**सम्मानित सभाका सदस्यज्यूहरु,**

नेपालको राजनीतिक ईतिहासमा परिवर्तनको लागि विभिन्न चरणको लोक तथा गणतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने ज्ञात,अज्ञात महान शहिदहरु प्रति म सर्वप्रथम भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै आजको यो परिवर्तनको लागि सहभागी आन्दोलनका घाईते तथा अशक्तहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकाको १३औं गाउँ सभामा गाउँपालिकाको तर्फबाट यहाँको आर्थिक ,सामाजिक र पूर्वाधार लगाएत समष्टिगत विकासको लागि आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु : सामु उपस्थित भएको छु । हाम्रो सामु खडा रहेको विभिन्न समस्याहरुको बावजुद निर्माण भएको यो नीति तथा कार्यक्रमको कार्यान्वयन मार्फत हामीले देखेको आत्मनिर्भर सम्मुनत र समृद्ध तादीको सपना साकार हुनेछ भन्ने कुरा मैले विश्वास लिएको छु । । नेपालको संविधान २०७२ ले स्थानिय तहलाई स्थानिय सरकारको रुपमा अधिकार प्रदान गरेको परिप्रेक्षमा हामीले जवाफदेहिता,भ्रष्ट्राचारमुक्त र सुशासन कायम गर्दै जनतालाई नजिकको विश्वासिलो सरकारको अनुभूति दिलाउनु तपाई हामी सबैको जिम्मेवारी र दायित्व रहेको सबैमा अवगत गराउन चाहन्छु ।

**सम्मानित सदस्य ज्यूहरु,**

यस गाउँपालिकामा पूर्वाधार,कृषि,पर्यटन जस्ता क्षेत्रहरुमा प्रचुर संभावनाहरु हामीले देखेको छौं । यस गाउँपालिकाको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सु-सम्पन्नता संगै प्राकृतिक स्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुव्यवस्थित र योजनावद्ध उपयोगद्धारा तादी बासीहरुको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान गर्नेछ भन्ने मैले आशा लिएको छु ।

प्रशस्त सम्भावनाको बावजुद पनि हामीले अपेक्षित विकास गर्न नसकेको यथार्थ हामी सामु देखिन्छ । गाउँपालिकाको दीर्घकालिन सोच र लक्ष्यको कार्यान्वयनबाट हामीले राखेका लक्ष्यहरु पूरा हुनेछन् भन्ने विश्वास लिएको छु । विशेष गरि गाउँपालिकाको भौगोलिक रुपमा विकट क्षेत्र र पिछडिएको समुदायमा विद्यमान गरिवी न्यूनिकरण गर्ने,बेरोजगारी घटाउने,स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरीय शिक्षामा सबैको पँहुच सुनिश्चित गर्ने जस्ता पक्षमा हाम्रा स्रोत साधनलाई परिचालन गर्न आवश्यक देखिन्छ । विकासको मुख्य सम्भावनाको रुपमा रहेको प्राकृतिक स्रोत साधन,सांस्कृतिक विविधता, पर्यटकीय सम्भाव्यता,कृषि तथा पशुपालन व्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको उपयोग नै तादी गाउँपालिकाको विकासको ढोका खोल्ने माध्ययम रहेको अनुभुत गरेको छु ।

हामी निर्वाचित भएर आए संगै जनताले अपेक्षा गरेका तादीको समृद्धिका सपनाहरु पूरा गर्न सबै राजनीतिक दल,बुद्धिजिवी,नागरिक समाज र अग्रजहरुसंग आवश्यक सहकार्य र समन्वय गरि अघि बढ्ने प्रतिवद्धता जाहेर गुर्नको साथै समृद्ध तादी निर्माणका लागि साथ र सहयोगको लागि म सवैमा आह्वान समेत गर्न चाहन्छु ।

**सम्मानित सभाका सदस्यज्यूहरु :**

अब म आ.व. २०८०।०८१ का लागि गाउँपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

संघीय तथा प्रदेश सरकारबाट आ.व. २०८०।०८१ का लागि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नुको अतिरिक्त यस गाउँपालिकाकाले निम्न बमोजिमका नीतिहरु तयार गरेको छ :

## (क) आर्थिक विकास सम्वन्धी नीतिहरु :-

### *(क१) कृषि तथा पशुपंक्षी विकास*

- निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नका लागि उन्नत विउ विजन, मलखादको व्यवस्था गर्ने नीति लिइनेछ ।
- कृषिजन्य विषादी नियन्त्रणका लागि अभियानमुलक कार्यक्रमहरु संचालन गर्दै प्रङगारिक खेती प्रणालीलाई बढवा दिई अर्गानिक गाउँ टोल घोषणामा जोड दिइनेछ साथै जैविक विषादी एवं प्रांगारिक मलको प्रयोग गरी उत्पादन हुने तरकारी वजारको खोजी गरी विक्रि वितरणमा सहजीकरण गरिने छ ।
- खाद्यान्न तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ साथै संचालित सिंचाई कुलोहरुको मर्मतका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषकहरुलाई आधुनिक नगदेबाली तथा फलफूलखेती खेती तर्फ प्रोत्साहन गर्न स्थानीयस्तरमै कृषि उपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ ।
- स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्ने वातावरण सिर्जना गर्न कृषकहरुलाई अनुदान प्रदान गर्नुको साथै उन्नत विउ विजन वितरण गरिनेछ । स्थानीय रैथाने बिउको प्रयोग गरी खेति गर्ने कृषकका लागि बिउ बिजन वितरण गर्ने तथा अनुदान समेतको व्यवस्था मिलाइनेछ ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकिकरण, यान्त्रिकिकरण र बजारीकरणमा जोड दिईने छ ।
- माटो सुहाउँदो बाली विकासका लागि माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- लामो समय देखि बाफो रहेका वडा नं १,२ र ४ का माथिल्लो भेगका सामुहिक खेती प्रणाली मार्फत फापर र आलु खेति कार्यकमलाई निरन्तरता दिइने छ ।

- पशु स्वास्थ्य प्राविधिकलाई किसानको पहुँचसम्म पुऱ्याइ पशुधनको क्षति न्यूनिकरणका लागि रोग नियन्त्रण गर्न खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाई, भैसी, बाखा, बंगुरको कृत्रिम गर्भधानद्वारा नश्ल सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपन्छीको प्राथमिक उपचारको लागि औषधी वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाउने नीति लिइनेछ ।
- पशु आहारा प्रबर्द्धन गर्नका लागि उन्नतजातका घाँसहरुको विउ विजन वितरण कार्यक्रम संचालनमा ल्याईनेछ ।
- चिलिमे भ्याट स्थापना र व्यावसाय प्रर्वद्धन गरिने छ ।
- कोल्ड च्याम्वर र विउ बैंक स्थापना गरी स्थानिय उत्पादित विउको भण्डार तथा संरक्षण गरिने छ ।
- मत्स्यपालन व्यवसायको लागि उन्नत जातको माछाका भुरा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय बालिको ब्राण्डको महत्व स्थापित हुने स्वरुपमा कार्यक्रम ल्याइनेछ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधि भित्राई व्यवसायीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत र वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ ।बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।

- तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
- कागति,ओखर तथा क्यातुके खेति प्रर्बद्धनको लागि पकेट क्षेत्र घोषणा गरी व्यवसायीक उत्पादनमा जोड दिइनेछ ।
- कफि,लोक्ता खेति कार्यक्रम लागि विशेष पकेट क्षेत्र तोकि लोक्ताको व्यावसायीक खेती प्रर्बद्धनमा जोड दिइनेछ ।

### *(क२) उद्योग तथा वाणिज्य*

● औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ ।

● औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । गाउँपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा रात्रीकालिन बजारको सुरुवात गरिनेछ ।

● उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

● लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ ।

● वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ ।

● सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ ।

- थप रोजगारीका अवसर सिर्जना गर्न गाउँपालिका क्षेत्रमा घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

### *(क३) संस्कृति तथा पर्यटन प्रवर्द्धन*

• पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका पर्या पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
- विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गर्ने प्रयास गरिनेछ।
- गाउँपालिकालाई कृषि तथा पर्या पर्यटनको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ ।
- विविधता वीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरुको संरक्षण, र सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।।
- विभिन्न जात जातिहरुको भेषभुषा र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर,चर्च, गुम्बा, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, मरनघाट जस्ता सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षण गरिनेछ ।
- निजी क्षेत्र र समुदायसँगको साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ । तादी गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटक भित्राई पर्यटन प्रवद्र्धन गर्न काठमाडौंबाट तिर्थ स्थल गोसाईकुण्ड सम्म छिटो आवतजावत गर्न सकिने छोटो रुटको विस्तार गर्न ,साना तिना हिमाल आरोहण,टे«किङ तथा हिउँमा खेलिने स्की खेल प्रवद्र्धन गर्न "Destination राउचुलीको" अवधारणा बनाई तादीको सबै वडाबाट पुग्न सकिने गरी राउचुली सम्म मोटर बाटो निर्माणलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाका क्षेत्रहरुमा पर्यटकिय पुर्वाधारहरु निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन प्रबद्र्धनात्मक कार्यक्रम सञ्चालनको साथै

बाघमारा,घले गाँउपाखा र बच्छलादेवी मन्दिर परिसरलाई पर्यटकीय स्थलका रुपमा विकास गरिनेछ ।

- स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवद्र्धन सहित बाघमारा, काउले भँगेरी ,चिलाउने गाउँ, काल्चे ,उर्लेनीमा होमस्टे कार्यक्रम संचालन गर्न प्रोत्साहन एवं पहल गरिनेछ ।

***(क४) सहकारी, बैंक तथा वित्तीय सेवा***

- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।
- उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ ।
- गाउँपालिका  भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।
- हकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ ।
- सहकारी संस्थाहरुको दर्ता तथा नविकरणका लागि आवश्यक कानून बनाई लागू गरिनेछ । साथै यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी संस्थाहरुको क्षमता विकास र ब्यवसायीकरणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तिय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गर्नुका साथै सहकारीहरुवीच एक आपसमा गाभ्न प्रोत्सहान गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु संचालन गरी गरिवी र बेरोजगारी दर घटाउने तर्फ आवश्यक पहल गरिनेछ ।
- सहकारीहरुको कुल बचतको निश्चित प्रतिशत रकम कृषिजन्य कार्यमा लगानी गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गर्नुका साथै बैंकिङ क्षेत्रको लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पहल गरिने छ ।

- गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तीय संस्था स्थापना तथा विस्तारका लागि पहल गरिनेछ।

*(क५) श्रम तथा रोजगारी*

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरु संग आवद्ध गरी उत्पादन मूलक रोजगारी सिर्जना गर्ने अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- तादी गाउँपालिकाको रोजगार रणनीति २०८० लाई कार्यान्वन तथा नियमन गदै प्रभावकारी रुपमा कार्यान्वयन हुनेछ ।
- "श्रमलाई सम्मान,राष्ट्रको अभियान" लाई तादी गाउँपालिकाको अभियान भन्ने नाराका साथ तादी गाउँपालिकाभित्र संचालन हुने विकास निर्माणका आयोजनाहरुमा यस तादी गा.पा का बेरोजगारको सुचीमा सुचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगायनु पर्ने नीति अवलम्बन गरिने छ ।
- संघीय सरकारबाट सुचिकृत बेरोजगारलाई काममा लगाउन सर्शत अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामाग्री खरिद वा आयोजना बजेट तय गर्दा लागत साझेदारी गर्ने गरी कार्यक्रम संचालन हुनेछ ।
- रोजगार सूचना व्यवस्थापन प्रणालीको स्थापना गरी सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ ।
- नागरिककाहरुलाई सहज पहुँच विस्तार गर्नका लागि एकीकृत श्रम तथा रोजगार सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८० लागु गरि कार्यान्यन गरिने छ ।
- स्थानीय स्तरमा रोजगारी सृजनाका लागी निजी, सरकारी,र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरी थप रोजगारी सृजना गरिने छ ।
- सबैका लागी रोजगारीको प्रत्याभूति हुने खालका कार्यक्रम तथा बजेटको व्यवस्था सुनिश्चित हुनेछ ।
- स्थानीय श्रमिकको दक्षता सहितको वर्गिकृत तथ्यांक सङ्कलन गरिनेछ ।
- स्थानीय रोजगारदाताको तथ्यांक सङ्खलन गरिनेछ । रोजगारदाताको आवश्यकतामा आधारित दक्ष,जनशक्तिलाई सीप सिकाई स्वरोजगार बन्नको लागि उत्प्रेरित गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृती र पुन श्रम स्वीकृतीको कार्य थप व्यवस्थित तथा प्रभावकारी कार्यान्वयन गरिने नीति लिईएको छ ।

- वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरु कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधी उपचार सहयोग ,छात्रावृत्ति सहायता,उद्धार तथा खोजतलास सेवा कानुनी प्रतिरक्षा सहायता ,हकवालालाई आर्थिक साहायता प्रदान गर्ने, बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक साहायता आदि सेवाहरु वोर्डसंगको समन्वयमा संचालन नीति लिएको छ ।
- वैदेशिक रोजगार तथा आन्तरिक रोजगारको अवस्था पहिचान ,बिश्लेषण गरि प्रोफाईल अध्यावधिक गरि आवश्यक कार्यक्रम संचालन हुनेछ ।
- बेरोजगार तथा रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य लगाएत अध्ययन अनुसन्धानमा जोड दिने नीति लिएको छ ।
- सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममुलक अयोजना माफर्त समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुत गराइनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- श्रमलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।
- रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ ।
- पालिका स्तरीय आयोजनाहरु कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई काममा लगाईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउपालिकाले निर्माण सामाग्रीहरुको व्यवस्था गरी साझेदारी स्वरुप अगाडी बढाइनेछ ।
- रोजगार कार्यक्रम तथा उद्मशिलता प्रबर्द्धनको लागि प्रस्तावको आधारमा सहयोग उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीपलाई प्रवर्द्धन गर्ने उदेश्यले स्थानीयस्तरमा उक्त सीपको सदुपयोग गर्दै निजहरुले पशुपालन, कुखुरा पालन, बंगुर पालन र तरकारी खेती जस्ता व्यवसाय संचालन गर्न चाहेमा विकास साझेदारहरुसंगको सहकार्यमा आवश्यक प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउदै लगिनेछ । साथै उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउपालिकाको समेत लागत सहभागिता हुने गरी गाउपिलका स्तरिय रोजगार कार्यक्रम संचालन गरिनेछ ।

**(क६) बाह्य क्षेत्र**

- अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँ क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

## (ख) सामाजिक विकास :-

***शिक्षा***

- ***(ख१)*** शिक्षा विकासको आधार भएको हुनाले विद्यालय सुधार योजनाका तथा गाउँ शिक्षायोजना बनाई पालिकास्तरीय शैक्षिक केन्द्र बनाउन आवश्यक कार्यहरु प्रारम्भ गरिनेछ ।
- कानुनी तथा नीतिगत व्यवस्था गरी आवश्यकताका आधारमा पालिका भित्रका विद्यालय गाभ्ने,शिक्षकलाई कामकाज गर्न खटाउने तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।
- पालिका भित्रका प्राकृतिक,सामाजिक र साँस्कृतिक विषय समेट्नुका साथै विभिन्न जात-जाति, भाषा भाषिको संरक्षण र संवर्द्धन गर्न आधारभुत तह देखि नै स्थानीय पाठ्यक्रम निर्माण गरी चालु आ.व.मा परीक्षणको रुपमा लागु गरिनेछ र आगामी शैक्षिक वर्ष देखी सबै विदयालयहरुमा पाठ्यक्रम तथा पाठ्यपुस्तक पुर्ण कार्यान्वयनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन तथा छपाई गरी वितरण गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागी शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि आधारभुत शिक्षक तालिम,वालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई पेशाप्रति दक्ष र जवाफदेही बनाउनका लागि छोटो अवधिका तालिमहरु संञ्चालन गर्ने शिक्षकको कार्य सम्पादन करार व्यवस्थापन गरिनुका साथै शिक्षक दरवन्दी कम भएका तथा विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान दिने व्यवस्था विशेष जोड दिईनेछ ।
- शिक्षालयहरुमा सूचना प्रविधिको प्रयोगमा जोड दिनुका साथै सम्पुर्ण सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाइनेछ ।

- संस्थागत विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गरिनुकासाथै नियमन र व्यवस्थापन गर्न सरोकारवाला पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
- प्रारम्भिक वाल विकास केन्द्रलाई विद्यालय शिक्षाको मुल आधारको रुपमा थप विकसित र स्तरोन्नति गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत उत्पीडित, असहाय, सिमान्तकृत, अभिभावक विहिन, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहेन्दार बिद्यार्थीहरुलाई नियमानुसार छात्रवृत्ति उपलब्ध गराईनेछ ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न एक जना सम्पर्क शिक्षक तोक्ने साथै निजी क्षेत्र, स्थानीय गैसस तथा अन्य निकायसँग समन्वय गरी व्यवस्थापनमा देखिएका समस्यालाई क्रमशः सुधार गर्दै जाने नीति लिइनेछ ।
- दिवा खाजाको खाद्य सामाग्री खरिद व्यवस्थापनको लागि विद्यालय र स्थानीय कृषि सहकारी ,आमा समुह वा कृषक समुह विच सम्झौता गराई स्थानिय किसानहरुको उत्पादन खरिद तथा प्रयोगमा जोड दिइनेछ ।
- पालिकास्तरीय अतिरिक्त क्रियाकलापहरुको संञ्चालन गरी विद्यार्थीहरुको शारिरीक मानसिक तथा बौदिक विकास गर्न साथै सिकाईमा प्रतिस्प्रधात्मक भावनाको विकास गरिनेछ ।
- विद्यालयको प्रशासनिक तथा शैक्षिक व्यवस्थापन गर्न कम्प्युटर तथा ईन्टरनेट उपलब्ध नभएका विद्यालयहरुमा क्रमश कम्प्युटर तथा ईन्टरनेट सेवा उपलब्ध गराउदै लगिनेछ
- यस गापाभित्र आमा बाबु विहिन टुहुरा बालबालिकाहरुका लागि आधारभुत तहसम्मको आवासिय रुपमा निशुल्क शिक्षा उपलब्ध गराईने छ ।
- यस गा.पा.भित्र संञ्चालित सबै सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।
- यस गाापााभित्र संञ्चालित सबै सामुदायिक विद्यालयहरुमा प्रशासनिक कार्यको व्यवस्थापनको लागि संघिय सरकारको अनुदानको अतिरिक्त विद्यालयको तह अनुसार स्थानीय सरकारको तर्फबाट अनुदान उपलब्ध गराईनेछ ।
- यस गाापााभित्र संञ्चालित सबै सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको यसै आव भित्रमा डिजिटल डाटा वेस तयार गरी शिक्षक तालिम लगायत अन्य प्रयोजनका लागि उपयोग गरिनेछ ।
- समय समयमा प्रअहरुको घुम्ती बैठक संञ्चालन गरी विद्यालयको नियमित निरीक्षण तथा सुपरीवेक्षण गर्ने र शिक्षकहरुलाई आवश्यक पेशागत सहयोग उपलब्ध गराईनेछ ।

- यस गा.पा.भित्र संञ्चालित सबै सामुदायिक विद्यालयहरुका विव्यस र शिअसका पदाधिकारीहरुलाई विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम संञ्चालन गरी विद्यालयको व्यवस्थापन सुधारको लागि आवश्यक प्रयास गरिनेछ ।
- आगामी वर्षको लागि शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयका सम्पुर्ण क्रियाकलापहरु व्यवस्थित रुपमा संञ्चालन गरिनेछ ।
- रुम टु रिड रुडेक नेपालको साझेदारीमा संञ्चालित साक्षरता कार्यक्रमको निरन्तरता दिदै पालिकामा अन्य विद्यालयमा विस्तार गर्दै लगिनेछ ।
- गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा कक्षा ११/१२ मा फरक फरक संकाय/विषयहरु अध्यापन गर्ने व्यवस्था गरी स्कुल बस मार्फत विद्यार्थीहरुको आवतजावत लाई सहजिकरण गरिनेछ।
- गाउँपालिका अन्तर्गतका प्रत्येक विद्यालयहरुमा अध्ययनरत विधार्थिहरुको लागि कमाउँदै पढदै कार्यक्रम लागु गरिनेछ ।

**ख(१.१)<u>युवा तथा खेलकुद</u>**

- युवाको क्षमता ,ज्ञान र सिपलाई सामाजिक विकास जातिय तथा लैंगिक विभेदका साथै अनैतिक कार्यको न्यूनिकरणका लागी नेपाल प्रहरी,शसस्त्र प्रहरी र विभिन्न गैर सरकारी तथा सरोकारवाला पक्षहरुको आपसी समन्वय र सहकार्यमा युवा परिचालन गरिनेछ ।
- युवाहरुलाई लक्षित गरी खेलकुदलाई जिवनको अभिन्न अंगको रुपमा लिनु पर्ने सन्देशलाई साकार गर्न गाउपालिका क्षेत्र भित्रका युवा/विद्यार्थीहरुलाई खेलकुदको क्षेत्रमा कृयाशिल गराउन खेलकुद प्रतियोगिता अन्तर्गत विविध विधाका खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।
- व्यक्तिको शारिरीक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहने भएकोले खेलकुद पूर्वाधारको विकास, विभिन्न खेलकुद प्रतियोगिताको आयोजना, खेलाडीहरुको संरक्षण र सम्वर्द्धन तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीलाई प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद व्यवस्थापनमा यूवाका महत्त्वपूर्ण भुमिका हुने भएकाले प्रत्येक वडाबाट यूवा छनौट गरि विपद व्यवस्थापन तालीम दिलाई आवश्यकताको आधारमा परिचालन गरिने छ ।

***(ख२) जनस्वास्थ्य***

- विश्वव्यापी समस्याको रुपमा रहेका नसेर्ने रोग क्यान्सर,मधुमेह,उच्चरक्तचाप लगाएतका रोगहरुको रोकथाम तथा उपचारमा विशेष ध्यान दिई यसका लागि जनचेतनामूलक कार्यक्रम संचालन, सम्भावित जोखिम वा लक्षण देखिएका व्यक्तिहरुको परीक्षण कार्यहरुलाई निरन्तरता दिइनेछ ।

- महामारी तथा अन्य जोखिमपूर्ण सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि Rapid Respone Team गठन गरिने साथै आपतकालिन सेवा विस्तार गरि रोगको निदान तथा उपचारको आवश्यक व्यवस्था मिलाइने छ ।

- एम्बुलेन्स सेवाको विस्तारलाई गरि व्यवस्थित ढङ्गले संचालनको निरन्तरता दिईने छ ।

- नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधीहरु सबै गाउँबासीहरुको पुहँचमा पुऱ्याइनेछ ।

- स्वास्थ्य चौकी अन्तर्गत सञ्चालनमा रहेका गाउँघर क्लिनिक,खोप क्लिनिक लगायत कार्यक्रमलाई विस्तार तथा नियमित बनाइनेछ ।

- विपन्न वर्गका गर्भवती महिलाहरुलाई पोषण कार्यक्रम संचालन निरन्तरता दिइनेछ । सुत्केरी पोषण कार्यक्रमलाई अझ प्रभावकारी वनाई वजेटको व्यवस्था सहित कार्यान्वयन गरिने छ ।

- खरानीटार अस्पताल तथा प्रसुति सेवा केन्द्रमा वच्चा जन्माउने सुत्केरीको लागि निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइनुका साथै निजहरुलाई विगत देखि दिईदै आएको प्रोत्साहन भत्ताको अतिरिक्त गाउँपालिकाबाट थप दुई हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाईनेछ ।

- आगामी पाँच बर्ष भित्र पालिका बासि सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य बिमा बोर्ड अन्तर्गत स्वास्थ्य बिमा कार्यक्रममा समाबेस गराईने छ ।

- “सुरक्षित भान्सा स्वस्थ घरको अभियान” लाई प्रभावकारी ढंगले संचालन गर्नको लागि गृहिणीलाई पाक शिक्षा बारे तालिम प्रदान गर्न १ घर १ जडीबुटी बाकस उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

- बढ्दै गएको क्यान्सर रोगको समयमै पहिचान तथा गरि रोग लाग्नको कारण पत्ता लगाई क्यान्सर रोग लाग्न बाट सयमा नै सचेत गराईने छ ।

- बिद्यालयहरुमा स्वास्थ्य शिक्षा दिने उदेश्यले प्रतेक कम्तिमा बर्षको दुई पटक स्वास्थ्य हाजिरी जवाफ प्रतियोगिता संचालन गरिने छ ।

- खरानीटार अस्पताललाई सुबिधायुक्त अस्पतालको रुपमा विकास गर्नको लागि आबश्यक जनशक्ति तथा औषधिको व्यबस्था गरिने छ साथै यसको मर्मत सुधार र नया भवन निर्माणको लागि संघ, प्रदेश सरकार आबश्यक बजेट व्यबस्था गराई अस्पतालको सेवा विस्तार गरिने छ ।

- सुत्केरी पश्चात् आमा र बच्चामा देखिन सक्ने समस्या र खतराका लक्षणहरु लाई न्युनिकरण गर्न **Post Natal Care (PNC)** लाई मापदण्ड अनुसार ३ पटक नै पुर्ण रुपमा सुत्केरी जाँच गर्न सुत्केरी भएको २४ घण्टा, तेस्रो दिन र सातौ दिनमा सम्बन्धित वडाको स्वास्थ्यकर्मी मार्फत सुत्केरी महिलाको घर मै गएर आमा र वच्चाको स्वास्थ्य परिक्षण गर्ने प्रवन्ध मिलाईने छ ।
- अन्य सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
- विपन्न वर्गका नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्नका लागि स्थापना गरिएको औषधी उपचार कोषलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयंम सेवीकाहरुलाई प्रोत्सहान स्वरुप मासिक भत्ता दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा ५ बर्ष मुनिका सम्पुर्ण वालवालिकाहरुको कम्तिमा ६।६ महिनामा पाखुराको नाप लिई पोषण अवस्थाको पहिचान गर्ने र कडा सिघ्र कुपोषित वालवालिकाहरु लाई थप उपचारमा सहयोग गर्ने नीति लिईनेछ ।
- आगामि आ.व. देखि सुन्दरादेवी स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति र उपकरण सहित बर्थिङ सेन्टर संचालनमा ल्याइनेछ ।
- आर्युर्बेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु तहमा नै सामान्य प्राथमिक उपचारको लागि सक्षम गराइनेछ ।साथै तादी चिलाउने गाँउ,काल्चे र उर्लेनीमा घुम्ती आयूर्वेद शिवीर संचालनलाई निरन्तरता दिईने छ ।
- आर्यूवेद सेवालाई प्रत्येक वडामा विस्तार गरि गाउँ घर क्लिनिक कार्यक्रम थप विस्तार तथा व्यवस्थित गरि सेवा प्रवाह गरिनेछ ।
- विश्वमा प्रत्येक वर्ष नर्सने रोगबाट अत्याधिक मानिसको मृत्यु भईरहेको  सन्दर्भमा सो लाई न्युनिकरण गर्न आर्युवेदिक जिवन शैलि,योग /ध्यान सम्बन्धि जनचेतना मुलक कार्यक्रमलाई थप प्रभावकारी बनाई संचालन गरिनेछ ।
- स्थानिय रुपमा पाईने जडिबुटिहरुको पहिचान गरि सो को उत्पादन, संरक्षण ,सर्म्बधन ,वजारीकरण गर्न प्रोत्साहन गर्नुको साथै औषधिजन्य गुणको बारेमा स्थानिय समुदायमा जनचेतना मुलक कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।
- नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।
- सामुदायिक विद्यालयहरुमा विद्याथीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ ।

- अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ ।
- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ ।
- सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।
- स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

### *(ख३) खानेपानी तथा सरसफाई*

- गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरुप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।गाउँपालिका क्षेत्र भित्रका व्यक्तिगत वा सार्वजनिक जग्गामा रहेका पानी मूलको विषयमा कुनै विवाद सिर्जना गर्न नपाईने निति लाई निरन्तरता दिइने छ ।
- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकारनगरपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।
- जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ ।

### *(ख६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

- **"हाम्रो पालिका ,स्वस्थ र खुसी बालवालिका"** भन्ने नाराका साथ गाउँपालिका भित्रका बावु आमा विहिन टुहुरा बालवालिकाहरुलाई आवास सहित पालनपोषण ,स्वास्थ्य, शिक्षा र संरक्षणको व्यवस्था गरिनेछ ।

- जातीय विभेद तथा छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृति र आर्थिक कुरीति र अभ्यास हटाउने अभियान वडा कार्यालयहरु मार्फत शुरुवात गरिनेछ साथै  बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिँसा उन्मुलनका लागि अभियान तथा चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि बिभिन्न सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा दलित, जनजाति तथा आदिवासीहरुको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले संचालन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

- तादि गाउँपालिकाको सबै वडामा जेष्ठ नागरीक परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ प्रणाली मार्फत गरिने कार्यलाई निरन्तरता दिइनेछ साथै बैंक सम्म आउन समस्या परेका लाभग्राहीहरुलाई सहज रुपमा भत्ता वितरण गर्ने व्यवस्था लाई गाउँपालिका र बैंक व्यवस्थापन वीच आवश्यक छलफल गरी सहजीकरण गरिने छ ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई निरन्तरता दिँदै लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजना क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

- लैंगिकमैत्री, अपांगमैत्री, बालमैत्री स्थानीय तह प्रोत्साहन हुने खालका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका क्षेत्र भित्रका हिंसामा परेकाहरुलाई पुर्नस्थापना गर्न आवश्यक नीति लिइनेछ ।

- अपाङ्ग परिचयपत्र नविकरण तथा वितरणको साथै प्रत्येक वडा शिविर संचालन गरि अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ ।

- विभिन्न कारणबश एकल जीवन विताई रहेका महिला दिदिबहिनीहरुका लागि जिवन निर्वाह कार्यक्रम संचालन गरिनेछ ।

- भुमि तथा समस्या समाधान आयोगको समन्वयमा गाउँपालिका क्षेत्रभित्र रहेका भूमिहीन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यस्थित बसोबासको लागि जग्गा धनीपूर्जा सहित आवश्यक बसोवासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाबाट गैर सकारी संस्था मार्फत गरिने कार्यलाई थप संस्थागत र उपलब्धीमुलक बनाउन आवश्यक देखिएको हुँदा  त्यस्ता कार्यकमहरुमा **उपाध्यक्ष समाजिक कार्यकम** तथा प्रतिस्पर्धाको माध्ययम बाट कार्य सम्पादन गरिनेछ ।

*(ख७) न्यायिक कार्य सम्बन्धी*

- विवादको निरुपण गर्दा सम्भब भए सम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतीमा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।
- विवादको सम्बन्धमा न्यायकर्ता सदस्यहरुको कुनै पनि प्रकारको स्वार्थ रहेमा त्यस्तो व्यक्तिले विवादको कार्वाही किनारा लगाउन पाउने छैन ।
- न्यायिक समितिले मुद्धा तथा विवादको सुनुबाइको क्रममा आबश्यकता अनुसार सम्बन्धित बिज्ञ र सरोकारवालाहरुको साहयता लिईनेछ ।न्यायिक समितीलाई थप प्रभावकारी बनाउन दक्ष कानुनी सहजकर्ताहरुको परामर्श लिई न्यायिक समितीलाई अगाडी बढाईने छ ।
- वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई क्रियाशील बनाइनेछ साथै मेलमिलापकर्ताहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
- न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट भएको निर्णयको लगत व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- न्यायिक समितिको इजलास निर्माण तथा वडा स्तरीय मेलमिलाप केन्द्रको लागि भौतिक पूर्वाधारको व्यवस्थापन गरि छिटो ,छरितो र चुस्त बनाइनेछ ।

## (ग) पुर्वाधार विकास :-

*(ग१) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल*

- ग्रामिण सडकहरुको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण र आवश्यकता अनुसार प्राविधिक संरचना निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा निरन्तरता दिँदै पहिरो जाने संभावित स्थानमा इन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिनेछ ।
- सडकहरुको बर्गिकरण र स्तरीकरण गर्न थप "गाउँपालिका यातायात गुरुयोजना" तर्जुमा गर्न पहल गरिनेछ । गाउँपालिकाको अधिकांस नागरिकको प्रत्येक सरोकारमा रहने खरानीटार अस्पताल प्रवेश हुने दुवै तर्फको सडक ,वडा नं २ र ४ को वडा कार्यालय सम्म,वडा नं ५ र ६ को जिरो किलो देखी डाडाको पाटो सम्म ,वडा नं ३ को डाडाँगाउँ सम्मको सडक आगामि दुई बर्ष भित्र कालो पत्रे तथा पक्की ढलान गर्दै सम्पन्न गर्ने कार्य लाई निरन्तरता दिईने छ ।
- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरी सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ ।
- वर्षेनी गरिने पटके मर्मत गर्ने कार्यलाई निरुत्साहित गर्दै दीगो मर्मत सम्भारको नीति अबलम्बन गरिने छ, जसमा उपभोक्ता समितिहरुलाई पनि उत्तिकै जिम्मेवार बनाइनेछ ।
- आन्तरीक तथा बाह्य पर्यटकहरुलाई गोसाईकुण्ड क्षेत्र सजिलो संग आवतजावत गर्न **"Destination राउचुली"** अवधारणाका साथ काठमाडौं देखि तादीको सबै वडाबाट पुग्न सकिने गरी आगामी बर्ष देखि सो रुट अन्तरगतको ट्र्याक विस्तार कार्यलाई पनि निरन्तरता दिईने छ ।
- सडक बाटो सम्बन्धि भौतिक पूर्वाधारहरु निर्माण गर्दा सडक विभागले तोकिएको मापदण्ड बमोजिम कार्यान्वयनमा गरिनेछ ।
- आवास तथा भवन सम्बन्धि भौतिक पूर्वाधारहरु निर्माण गर्दा भवन विभागले तोकिएको मापदण्ड बमोजिम कार्यान्वयनमा गरिनेछ ।
- उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिला सुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई दण्डित गरिने, कालोसुचिमा राख्ने, भविष्यमा कुनै यस्तो कार्य गर्न अयोग्य ठहराउन सक्ने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत नियमन गरिनेछ ।
- गाउँपालिकास्तरीय ठूला प्रकृतिका विकासका पूर्वाधारहरुको कार्यान्वयनका लागि केन्द्रिय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी अग्रसरता लिइनेछ ।

- पूर्वाधार विकासका योजनाहरुमा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य जुटाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- तोकिएको जनसहभागितामा नजुटाउने उपभोक्ताहरुको योजनाको अन्तिम भुक्तानी गर्दा लागत सहभागिता वापतको रकम कट्टा गरी मात्र भुक्तानी गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- पूर्वाधार आयोजनाहरुको लागत इष्टिमेट तयारी, अनुगमन तथा परीक्षणमा सहजता ल्याउन न्यूनतम आवश्यक पर्ने इन्जिनियरिङ्ग सामग्रीहरु खरीद गरिनेछ ।
- आगामी आ.व.मा विकास निर्माणमा गुणस्तर कायम गर्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।
- ग्रामिण गोरेटो बाटोहरुलाई स्तरोन्नति गर्ने नीति  लिईनेछ ।

***(ग२) सिंचाई***

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाका कृषि योग्य भूमीमा सिंचाइको लागि श्रोतको खोजी गर्दै नहर, कूलोवाट सिञ्चाई हुन नसक्ने स्थानमा लिफ्ट सिञ्चाइ, पलाष्टिक पोखरी,ड्याम जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रुपमा सिञ्चाई सुविधा पुर्याइनेछ ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जान संघ/प्रदेश सरकार संग समन्वय गरी अघि बढ्ने काम गरिने छ ।
- कृषि क्षेत्रको विकासको लागि कृषि योग्य जमिनमा उपलब्धताका आधारमा साना सिंचाइ र थोपा सिंचाइको व्यवस्था गर्दै लगिनेछ ।
- निमार्णधिन सिंचाई आयोजनाहरुलाई सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गर्ने नीति लिइनेछ ।

***(ग३) भवन तथा शहरी विकास***

- गाउँपालिका स्तरीय सभाहल बनाउन बजेट व्यवस्थापनको लागि संघिय सरकार संग समन्वय गरिने छ ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण सम्बन्धी नक्सापास मापदण्ड २०७८ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।

- गाउँपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत गाउँपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास गरी अभिलेखीकरण गर्न नयाँ घर निर्माणमा लाग्ने सरह शुल्क लिएर मात्र नियमित गरिनेछ ।
- भवन निर्माण सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरु महिला मैत्री, नागरिक मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री र बालमैत्री  बनाइनेछ ।

***(ग४) उर्जा***

- गाउँपालिका क्षेत्रका सार्वजनिक चोक तथा धार्मिक स्थलहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बैकल्पिक उर्जाको रुपमा सुधारिएको चुल्हो तथा बायोग्यासको प्रवर्द्धन गरी धुवाँरहीत भान्छाघर अभियान चलाइनेछ ।

## (घ) वातावरण तथा विपद व्यवस्थापन :-

(घ१) वन तथा भू - संरक्षण

- भिरालो भुबनोटका कारण हुनसक्ने बाढि पहिरो, भुक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिमलाई न्युन गर्न दिगो भु-संरक्षण नीति अवलम्वन गरिनेछ ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- लाङटाङ राष्ट्रिय निकुञ्ज ,मध्यवर्ती क्षेत्र संग समन्वय गरी सो क्षेत्र संग जोडिएका नागरीकहरुको वाली संरक्षण गर्न आवश्यक तार जाली र घेरावार निर्माणलाई विस्तार गरिने छ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनिकरण गर्ने उपाय अबलम्बन गरिनेछ ।
- वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
- सम्भावित प्राकृतिक प्रकोपहरुको जोखिम नक्सांकन गरी सोही बमोजिम उत्थानशील विकासमा जोड दिइनेछ ।
- खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो,अम्रिसो खेती र क्यातुके तथा बायोइञ्जिनियरिङ तथा किफायती एवम् प्रभावकारी उपायमा जोड दिइनेछ ।

- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरि हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्र भएर वहाव हुने तादी, दोर्खु, घट्टे खोला र अन्य खहरे खोला खोल्सीमा सघन रुपमा नदि नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

(घ२) वातावरण संरक्षण र जलवायु परिवर्तन

- "सफा र सुन्दर तादी : स्वच्छ र हरियाली" भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु संचालन गरिने छ ।
- सामुदायीक वन र मध्यवर्ती क्षेत्रको संरक्षण र डेढेलो रोकथामका लागि जनचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- जलधार तथा सिमछार क्षेत्र संरक्षण गर्ने नीति लिईनेछ ।
- गाउँपालिकाको विभिन्न स्थानहरुमा बर्षेपानी संकलन हुने पोखरी र आहालहरु निर्माण गरिने छ ।
- जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नीतिगत तथा व्यवहारिक उपायहरु अवलम्बन गरिनेछ ।
- टोलस्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ ।
- तादी गाउपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोडदिइनेछ ।
- जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरुबाट बच्ने उपायका सम्बन्धमा विकास साझेदारहरुसँगको सहकार्यमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्न पहल गरिनेछ ।
- **"प्रदुषण गर्नेले तिर्नु पर्छ"** भन्ने सिद्धान्त अनुरुप जवाफदेहि बनाई प्रदुषण गर्ने व्यक्ति तथा उद्योग वा व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

(घ३) फोहरमैला तथा ढल व्यवस्थापन

- वातावरण स्वच्छताका लागि सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने नीति लिइनेछ ।

- **"बाटो टोल घर ,सफा सुघ्घर "** भन्ने सिद्धान्त अनुरुप सार्वजनिकस्थल, पानी पँधेरा, सडक किनारा, नदी क्षेत्र तथा वनजंगल क्षेत्रमा  फोहर फाल्न निषेध गरिएको छ । जथाभावी फोहरमैला गरेमा कानून वमोजिम कारवाही गरिनेछ ।
- बजार क्षेत्रहरुको फोहरमैला व्यवस्थापनका लागि स्थानीय क्लबहरु तथा अन्य क्षेत्र संग समन्वय गरी प्लास्टीकजन्य र अन्य नकुहिने फोहोरको व्यस्थापन गर्न स्थान पहिचान गरी कार्यान्वयन अगाडी बढाइने छ । फोहोर संकलन हुने आवास तथा अन्य क्षेत्रबाट आवश्यक शुल्क लिई नकुहिने फोहर मात्र संकलन कार्य शुरु गरिनेछ ।

(घ४) विपद् व्यवस्थापन

- विपद्को पहिचान गर्न र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- बिपद व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिँदै प्रभावकारी काम गर्न विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- वस्तीस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ साथै संभावित विपद जोखिम न्यूनिकरणका लागि गाउँपालिकाका सबै वडमा प्राकृति प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहात र पूनर्स्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको परिचालन गरिनेछ ।
- विकास साझेदार निकायहरुसँगको सहकार्यमा विपद न्यूनिकरण तथा विपद् व्यवस्थापन कार्ययोजना तयार गर्न पहल गरिनेछ ।
- भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

- सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।
- सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

(घ५) प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापन

- विकास साझेदारहरुसँगको सहकार्यमा गाउँपालिकाको भूगोल नक्सा (Physical map) प्रकाशन गरी संभाव्य प्राकृतिक श्रोत र साधन, खानी तथा खनिज, जंगल, वन्यजन्तुको नक्सांकन गर्न पहल गरिनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ ।
- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ ।
- सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

***(ङ१) संगठन तथा क्षमता विकास र सामान्य सेवा***

- "**स्थानीय सरकार : जनताको नजिकको सरकार**" लाई यथार्थतामा रुपान्तरण गर्न गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो तथा प्रविधि मैत्री बनाईनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तर्जुमा गरी गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ ।
- गाउँपालिकाका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरी पूर्ण जिम्मेवार बहन गर्ने कर्मचारीको उचित मूल्याङ्क गरी पुरस्कृत र नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपाटीको विकास गरिनेछ ।

- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।
- अध्यक्ष र प्र.प्र.अ. तथा अन्य शाखा विच कार्य सम्पादन संझौता तयार गरी कार्यान्वयनमा ल्याउने कार्यको थालनी गरिनेछ ।
- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।
- विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडा भित्रका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।
- आफ्नो स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) को अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।
- स्थानीय सरकारको क्षमता विकास लेखाजोखा पश्चात तयार गरिएको कार्य योजना पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

### *(ङ२) श्रोत परिचालन तथा व्यवस्थापन*

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।
- करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।
- विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ ।

- ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।
- करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।
- अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ ।
- करदाताको कर लगतलाइ ब्यवस्थित, पारदशी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।
- कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।
- स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ साथै करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै करको दायरा बृद्धि गर्दै लगिनेछ ।
- प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदीको सार्वजनिक बोलपत्रको माध्यमबाट संकलन र विक्री वितरण व्यवस्था मिलाइनेछ ।
- करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । यसको लागि आगामी आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिबृद्धि सुझाव तथा  कार्यदल बनाई कार्य गरिनेछ ।
- घर बाहल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रुपमा विकसित गरि बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरि  तोकिएको दरमा बहाल कर लिइनेछ ।
- गाउँपालिकामा आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाता तथा बढी कर संकलन गर्ने वडालाई पुरस्कृत गरिनेछ ।
- गाउँवासीको आर्थिक अवस्था सुदृढ गर्न कृषि सम्वन्धी साप्ताहिक हाट बजारको व्यस्था गरी कृषि उपज विक्रि वितरण गर्ने प्रवन्ध मिलाईने छ । सो बजारमा विक्री हुने सबै प्रकारका कृषि उत्पादनलाई राजश्व सहुलियत प्रदान गरिनेछ ।

- आगामी आ.व.मा यस गाउँपालिका भित्र गरिने विकास निर्माण कार्य गर्दा जिल्ला दररेट र स्थानिय दररेट निर्धारण भएमा त्यसलाई आधार मानि विकास निर्माणका कार्यहरु सञ्चालन गरिनेछ ।
- नदीजन्य तथा खानीजन्य स्रोतहरुको प्राराम्भिक वतावरणिय परिक्षण प्रतिवेदन(IEE) को आधारमा नदीजन्य पदार्थको संकलन,उत्खनन तथा ओसारपसार गर्ने व्यवस्था मिलाईनेछ ।

### *(ङ३) शान्ति सुरक्षा*

- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय संग समन्वयगरी सुरक्षा गस्ति बढाइनेछ साथै गाउँपालिकाका प्रत्येक वडामा अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि पहल गरिनेछ ।
- गाउँपालिकाभित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन सुरक्षा निकायसँगको समन्वय गरिनेछ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यासनी र मादक पदार्थ सेवनलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम गरिनेछ ।
- शैक्षिक संघसंस्था तथा ऐतिहासिक, धार्मिक स्थलहरुको १०० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरुको बिक्री वितरण र सेवनमा पूर्णतः  रोक लगाइनेछ ।
- जिल्ला प्रशासन कार्यालय,जिल्ल प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय खरानीटार संग समन्वय गरी समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई विस्तार गर्न सहकार्य गरिनेछ ।
- १८ वर्षभन्दा मुनिका बालबालिकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा बिक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र बालबालिकाहरुलाई खैनी सूर्ती मदिरा विक्री वितरण गर्ने व्यापारिहरुलाई दण्डित गरिनेछ ।

### (ङ४) **सूचना प्रविधि**

- “समृद्ध तादीको आधार,सूचना तथा संचार प्रविधिको विस्तार ”भन्ने  नारा सहित स्र्माट पालिकाको अवधाराणालाई अंगिकार गरी गाउँपालिकाको  डिजिटल रुपान्तरणलाई  विशेष प्रथामिकतामा राखिने छ ।
- विद्युतिय सरकार(e-Government ) तथा इन्टरनेट मा आधारित अन्य सेवा सुविधा प्रदान गर्ने माध्ययमको रुपमा विकसित गर्न विशेष कार्यक्रमहरु ल्याइनेछ ।

- आम समुदायमा इन्टरनेट सेवाको सर्वसुलभ पहुच स्थापना गर्न साथै समुदाय,नागरिक समाज तथा निजि क्षेत्रको समेत सहभागिता सुनिश्चित गर्दै स्वास्थ्य संस्था,आर्युवेद औषाधालय,शैक्षिक संस्था तथा सामुदायिक भवनहरुमा समेत इन्टरनेटको सुविधाको सहज उपलब्धता सुनिश्चित गर्न कार्यक्रमहरु तर्जुमा गर्दै लगिनेछ ।
- विकास एवं सार्वजनिक सेवा प्रवाहमा देखा पर्ने चुनौतिको सामान गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग गर्न विशेष कार्यक्रम ल्याई लागु गरिनेछ ।
- गाउँपालिकाको संवेदनशील क्षेत्रको सूरक्षाको लागि प्रभावकारी देखिएको सिसिटिभी क्यामरा थप स्थानहरुमा जडान गरि नागरिक सूरक्षा प्रणालिलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- न्यायिक कार्य सम्पादन छिटो, छरितो बनाउदै विद्युतिय प्रणालिमा समेत आवद्ध गर्न आवश्यक ढाचाँमा सफ्टवयेर प्रणालिको विकास गरि विद्युतिय अभिलेख राख्ने व्यवस्था मिलाइने छ ।
- वडा कार्यालयबाट दिइने सबै प्रकारका सिफारिसहरुमा एकरुपता ल्याउन विकास गरिएको एकिकृत सिफारिस प्रणालिको समुचित प्रयोगलाई सार्थक पारिनेछ ।
- प्रशासनीक कार्यलाई कागजरहित बनाउन सूचना प्राविधि पूर्वाधार निर्माण साथै प्रविधिको प्रयोगलाई सुनिश्चित गरिनेछ ।
- सरोकारवालहरुको समेत सहभागितामा कारोवार(Transaction) तथा राफसाफ (Settlement) पूर्वाधारहरु समेत समाहित हुनेगरि अनलाइन भुक्तानि पूर्वाधार सेवा (Payment Infrastructure Services) स्थापना तथा प्रभावकारी संचालन सुनिश्चित गरिनेछ ।
- विद्यार्थी संग कम्प्यूटर सक्षरता कार्यकम लागु गरि कम्प्युटर तथा प्रविधि सम्बन्धमा जानकारी दिन हरेक महिना १ विद्यालय एक दिन कम्प्यूटर तथा सूचना प्रविधि साक्षरता अभियान चलाईने छ ।
- बढ्दो विद्युतिय समाग्रीको प्रयोगले निम्त्याउने सक्ने चुनौति र समस्या मध्यानजर गरि नागरिक डिजिटल सचेतना कार्यक्रम लागु गरि इन्टरेनट,मोवाइल ,कम्प्यूटर तथा अन्य डिजिटल विद्युतिय सामाग्रीहरुको सहि प्रयोग गर्न आम समुदायमा चेतना विस्तार गर्न नागरिक डिजिटल सचेतना अभियान चलाइनेछ ।
- "सुशासनको विधि,सूचना प्रविधि" भन्ने नाराको साथ सूचना केन्द्र स्थापना गरि आम नागरिकको सरल र सहज सूचनाको पहूँच र सर्म्पक स्थापना गर्न 'हेलो तादी-Hello Tadi' कल सेन्टर संचालन गरिने व्यवस्था मिलाइने छ ।
- सूचना प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो लिने र सम्बोधन गर्ने परिपार्टीको विकास गरिनेछ ।

- गाउँपालिकाबाट सार्वजनिक गरिनु पर्ने आवश्यक सूचना तथा जानकारी नियमित रुपमा कार्यालयको वेभ साइटमा उपलब्ध गराइनेछ ।
- सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ ।
- विकास निर्माण कार्यमा स्वच्छ प्रतिस्पर्धा गराउन ई-विडिङ प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाले सम्पादन गर्ने गतिविधिहरुको आवधिक रुपमा गतिविधिहरु संचारका विभिन्न माध्यमद्धारा प्रशारण गरिने व्यवस्था मिलाइनेछ ।

***(ङ५) पञ्जिकरण***

- सामाजिक सूरक्षा भत्ता बैंकिङ प्रणालि मार्फत भुक्तानि व्यबस्था गरिने कार्यलाई निरन्तरता दिनुका साथै EFT भुक्तानि प्रणालि अपनाइने छ । यस्तै अशक्त,अपांग,असाहयहरुको लागि सम्बन्धित बैंक संग समन्वय गरि लाभग्राहिहरुकै वडामा भत्ता बुझिलिनका लागि गाउँपालिकाबाट समेत आवश्यक सहजिकरण गरिनेछ ।
- ब्यक्तिगत घटना दर्ता प्रणालीलाई कम्प्युटरकृत(MIS) प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धतीलाई निरन्तरता दिँदै वडा कार्यालयबाटै यस्तो सुविधा उपलब्ध गराउने तर्फ आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना(जन्म,मृत्य,विवाह,बसाईसराई ,सम्बन्धविच्छेद ) घटेको ३५ दिनभित्रै घटना दर्ता गर्न प्रोत्साहन गर्ने र ३५ दिनभित्र दर्ता गराउन निशुल्क दर्ताको व्यवस्थालाई निरन्तरता तथा सो सम्बन्धमा प्रचार प्रसारका कार्यक्रम तथा शिविर सञ्चालन गरिनेछ ।

***(ङ६) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन***

- स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ ।
- स्वीकृत नीति, ऐन, नियम तथा कार्यविधि सम्बन्धी राजपत्र प्रकाशन, प्रसारण र वितरण गरिनेछ ।
- आफनो क्षेत्रभित्र रहेको जनसंख्या भाषा , संस्कृती , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पत्ती, रोजगार, संचार र सुकुम्बासी जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गरी अभिलेखिकरण गरिनेछ ।
- जन्म, मृत्यु, बसाइसराई, बिवाह ,सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्य रुपमा दर्ता गरी अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्याङकहरुको विश्लेषण गरी योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

*(ङ७) सुशासन प्रवर्द्धन*

- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response System) प्रयोगमा ल्याईनेछ ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्तापर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रद,ान गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- पहिचान भएका विपन्न र न्यून आय भएका घर परिवारलाइ परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

- स्थानीय सरकारको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदी तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाका काम कारवाहीलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको ब्यवस्था गरी नागरीकलाई सुशासनको अनुभुति दिलाउने गरी कार्य संचालन गराईने छ ।
- गाउँपालिकाबाट प्रदान हुने सेवालाई पारदर्शी, जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि जवाफदेहीता विभिन्न औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंङ्गिक उत्तरदायी बजेट तर्जुमा र विश्लेषण जस्ता विधि अपनाईनेछ ।
- गाउँपालिका तथा सबै वडा कार्यालयमा सेवाग्राहीले सहज र सरलरुपमा नागरिक बडापत्र देख्ने गरी नागरिक बडापत्रको व्यवस्था गरिनेछ ।
- सेवाग्राहीमैत्री सुशासनको लागि शोधपुछ कक्ष, सहायता कक्ष तोकि सेवालाई प्रवाभकारी बनाइनेछ साथै नियमित रुपमा गुनासो पेटिका खोली प्राप्त गुनासोलाई सम्बोधन गरिनेछ ।

***(ङ९) समन्वय र सहकार्य***

- स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा संघ, प्रदेश र स्थानीय तहबीच संघीयताको कार्यान्वयन तथा सवलीकरणको सवालमा साझा मञ्चमा छलफल गर्ने वातावरण श्रृजना गरिनेछ।
- गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई दीगो विकासका लक्ष्यहरु(SDG Goal)सँग सामाञ्जस्यता मिलाई स्थानीयकरणमा जोड दिइनेछ।
- अन्तर स्थानीय तहबीचको समन्वय र सहकार्यमा गर्न सकिने साझा हीतका आयोजना संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

- गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका विकास साझेदारहरुसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने, गाउँपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।
- जोखिममा परेका वर्गहरुको आर्थिक अवस्था सुदृढ गर्ने खालका जीविकोपार्जनका गतिविधिहरु जस्तै टनेल खेती, विऊ वितरण, पशु पंक्षी पालन व्यवसाय आदी, घरेलु तथा साना व्यवसायीहरुलाई व्यवसायिक योजना तर्जुमा, उनीहरुलाई बैंकसँगको पहुँचमा पुर्याउने, GIS System को प्रयोग र विस्तार, ऐन कानूनहरु मस्यौदा, विभिन्न कार्ययोजना तयारी लगायत अन्य अध्ययन र अनुसन्धानका कार्यहरु गरिनेछ ।
- समान सोच, उद्देश्य, लक्ष्य राख्ने गाउँपालिकासँग अनुभव आदान प्रदान गर्न भगिनी सम्बन्ध राख्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र उद्यमशिलताको प्रबर्द्धन गर्न बैंक तथा वित्तिय संस्थाहरु संग आवश्यक संमन्वय गरिनेछ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तावित निति तथा कार्यकम तर्जुमा गर्ने क्रममा आफ्ना अमुल्य सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू,स्थानीयवासी आमाबुवा, दिदी वहिनी तथा दाजुभाइहरु, विभिन्न राजनैतिक दलका मित्रहरु एवं नीति तथा कार्यक्रमको यो मस्यौदा तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने कर्मचारी मित्रहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।